आज मिति २०७६ साल कार्तिक ४ गते सोमबारका दिनको ३:०० बजे यस टोखा नगरपालिकाका प्रमुख श्री प्रकाश अधिकारी ज्यूको अध्यक्षतामा तपशिल महानुभावहरुको उपस्थितिमा नगरपालिकाको चवालिसौं बैठक बस्यो ।

उपस्थिती :-

| सि.नं. | पद | नाम,थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | प्रमुख | श्री प्रकाश अधिकारी | | |
| २. | उप प्रमुख | श्री ज्ञानमाया डंगोल | | |
| ३. | वडा अध्यक्ष वडा नं. १ | श्री श्रीकृष्ण अधिकारी | | |
| ४. | वडा अध्यक्ष वडा नं. २ का.वा | श्री पञ्चकुमारी श्रेष्ठ | | |
| ५. | वडा अध्यक्ष वडा नं. ३ का.वा | श्री हरिमान श्रेष्ठ | | |
| ६. | वडा अध्यक्ष वडा नं. ४ | श्री धर्मेन्द्र श्रेष्ठ | | |
| ७. | वडा अध्यक्ष वडा नं. ५ | श्री जगन्नाथ ढकाल | | |
| ८. | वडा अध्यक्ष वडा नं. ६ | श्री महेश्वर के.शी. | | |
| ९. | वडा अध्यक्ष वडा नं. ७ | श्री नरोत्तम राना | | |
| १०. | वडा अध्यक्ष वडा नं. ८ का.वा | श्री गिरता पाण्डे | | |
| ११. | वडा अध्यक्ष वडा नं. ९ | श्री जोग प्रसाद नेपाल | | |
| १२. | वडा अध्यक्ष वडा नं. १० | श्री मधुसुदन पाण्डे | | |
| १३. | वडा अध्यक्ष वडा नं. ११ | श्री उत्तम अधिकारी | | |
| १४. | नगर कार्यपालिका सदस्य | श्री शोभा तमाङ्ग | | |
| १५. | नगर कार्यपालिका सदस्य | श्री कल्पना घिमिरे | | |
| १६. | नगर कार्यपालिका सदस्य | श्री जगतमाया प्रजापति | | |
| १७. | नगर कार्यपालिका सदस्य | श्री वच्चु बस्याल | | |
| १८. | नगर कार्यपालिका सदस्य | श्री संजिव सुनुवार | | |
| १९. | नगर कार्यपालिका सदस्य | श्री लिला भुजेल | | |
| २०. | नगर कार्यपालिका सदस्य | श्री उर्मिला वि.क. | | |
| २१. | नगर कार्यपालिका सदस्य | श्री पार्वती अधिकारी | | |
| २२. | सदस्य सचिव/प्रमुख प्रशासकीय अधिकृत | श्री प्रदिप पौडेल | | |

Scanned with CamScanner

## निर्णयहरु

१ २०७६ सालको विजया दशमी, शुभ दिपावली, नेपाल संवत ११४०, छठ, लगायत समस्त नेपाली चाडपर्वहरुको उपलक्ष्यमा सम्पूर्ण नगरवासी, देसवासी तथा विदेशमा रहनु हुने नेपाली दाजुभाइ दिदीबहिनी हरु प्रति हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दै यहि मिति २०७६ कार्तिक ९ गने सनिवारका दिन दिउसो १ बजे टोखा न.पा. को प्राङ्गणमा नेपाल सरकारका उप-प्रधान तथा रक्षा मन्त्रि माननीय श्री ईश्वर पोखरेल ज्यू को प्रमुख आतिथ्यतामा शुभकामना आदान प्रदान तथा चियापान कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।

२ नेपाल सरकारको नाममा दर्ता कायम रहेको टोखा न.पा. वडा नं ३, साविक टोखा सरस्वती गा.वि.स. वडा नं ८, सिट नं १०२-०८६५१३ कित्ता नं ३ क्षेत्रफल २३८४४ को सरकारी जग्गा "सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति २०७१" बमोजिम मनमोहन पोलिटेक्निकल इन्स्टिच्युटलाई लिजमा उपलब्ध गराउनको लागि जिल्ला प्रशासन कार्यालय काठमाडौं लगायत सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

३ तपशिल बमोजिम योजना संशोधन गरी आगामी नगरसभामा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो :

| सि.नं. | वडा नं. | साविकको योजना | रकम रु. | संशोधित योजना | रकम |
|---|---|---|---|---|---|
| १. | १० | सि.नं ६५९ प्रगतिनगर टोल खानेपानी तथा सडक कालोपत्रे कार्यक्रम | बाह्र लाख | सि.नं ६५९ प्रगतिनगर टोल खानेपानी तथा सडक कालोपत्रे कार्यक्रम | छब्बिस लाख त्रियानब्बे हजार |
| २. | १० | सि.नं. ६२१, ज्योतिनगर सडक कालोपत्रे | चौध लाख त्रियानब्बे हजार | | |

**विविध :**

क विषयगत शाखाहरुबाट प्राप्त भए बमोजिम गत आ.व. को मापदण्ड लाई आधार मानेर संशोधन सहित चालु आ.व. अन्तर्गत कार्यक्रम संचालन सम्बन्धि खर्चको मापदण्ड पारित गर्ने निर्णय गरियो र आगामी नगरसभामा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

ख मेयर दिवा खाजा कार्यक्रमको लागि मिति २०७६।६।१० को कार्यपालिका बैठकले १ देखि ८ सम्मको लागि संचालन गर्ने भनिएकोमा विनियोजित बजेत पुग देखिएकोले छुट भएको बालविकास कक्षा र कक्षा ९, १० का वालवाविकालाई समेत समावेश गरी दिवा खाजा कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

ग वडा नं ८ को मनोहर तीर्थ पुलको लागि प्रदेशबाट विनियोजित रकम प्राप्त नभएकोले हालसम्मको खर्च रकम रु ६५,१०,१२४। पछि प्रदेशबाट रकम प्राप्त भएपछि मिलान हुने गरी तत्काललाई आन्तरिक श्रोत तथा अन्य श्रोतबाट ब्यहोर्ने गरी निर्माण कार्यलाइ सुचारु गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

घ सुदर्शन विक्रम राणाको रु सोह्र हजार एक सय बैसठ्ठी रुपैयाँको चेकको रकम अघिल्लो आ.व. मा फ्रिज भई संचित कोष खातामा आम्दानी गरी चालु आ.व. को आयव्ययमा समावेश भैसकेकोले सो रकम चालु आ.व. को वजेटबाट खर्च लेख्ने निर्णय गरियो ।

ङ नगरपालिका अन्तर्गतका सबै वडा कार्यालयहरुमा विद्युतीय हाजिरी प्रणालीको व्यवस्था गर्ने निर्णय गरियो ।

च यस नगरपालिका भित्र व्यवसाय दर्ता गरेका वैदेशिक रोजगार व्यवसाय कम्पनीहरुको वार्षिक शुल्क आ.व २०७६।७७ को लागि नगरसभाबाट रु २०,०००। कायम भएकोमा सो शुल्क परिमार्जन गरी आ.व. २०७५।७६ लाई नै कायम गर्ने र आगामी नगरसभामा अनुमोदनको लागि पेश गर्ने निर्णय गरियो ।

छ. टोखा नगरपालिका अन्तर्गत वडा नं ९, ११, ६ र ४ को वडा कार्यालय भवनको डि पि आर तयारी तथा निर्माण कार्य प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

ज रु पाच लाख र सो भन्दा माथिका नयाँ निर्माण भएका सडक पिच तथा ढलानको अनिवार्य रुपमा ल्याव टेस्ट गर्ने र ल्याव टेस्ट गर्दा लाग्ने सुल्क लागत अनुमानमा समावेश गर्ने निर्णय गरियो ।

झ टोखा न.पा वडा नं ९ निवासी राधा खडका विगत लामो समयदेखि स्तन क्यान्सर र खुट्टाको समस्याले ग्रसित हुनुभएकोले निजलाई स्वास्थ्य उपचार कोषबाट रु ५०,०००। आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

ञ टोखा नगरपालिका वडा नं ३ स्थित इन्द्रायणी सामूदायिक वन उपभोक्ता समितिलाई दाहसंस्कार कार्यको लागि काठ दाउरा खरिद गर्न रु ३,०००००। उपलब्ध गराउने निर्णय गरियो ।

ट स्वास्थ्य शाखामा कार्यरत कर्मचारीहरु (ज्ञानु भण्डारी, मोहनमान श्रेष्ठ, जानुका खतिवडा, सान्तादेवी वानिया र शान्ता श्रेष्ठ) लाई यस आर्थिक वर्षको लागि साविकको तलवमा २० प्रतिशत वृद्धि गर्ने गरी आगामी नगरसभामा अनुमोदनको लागि पेश गर्ने निर्णय गरियो ।

ठ गत आर्थिक वर्षमा संझौता भई कार्य संचालनमा रहेका वडा नं ३ स्थित टोखा विष्णुमति किनार मोटर बाटो गत आ.व. मा कार्य सम्पन्न हुन नसकेको र यस आ.व. मा उक्त योजना क्रमागत रुपमा रहेकोले संझौताको म्याद थप गरिदिने र भुक्तानी दिने निर्णय गरियो ।

ड धमलटार शान्ती बाटिका टोल विकास संस्थाको महिला सामूदायिक भवन निर्माण , पार्क रंगरोगन को लागि जम्मा रु ११,५०,०००। विनियोजन भएकोमा कार्यसम्पन्न भएकोले भुक्तानी दिने निर्णय गरियो ।

ढ ५ नं वडा कार्यालय अन्तर्गत श्रीसमाज भवनका लागि पानी, विद्युत, तथा सरसफाइ लगायत कार्यको लागि रु दुई लाख दिने निर्णय गरियो ।

ण) यस कार्यालयको प्राङ्गणमा निर्माण हुन गईरहेको नवनिर्मित कार्यालय भवन सँग टाँसिएको निजी जग्गा कार्यालयको लागि नै आवश्यक देखिएकोले मुआब्जा लगायत अन्य खर्च नगरपालिकाले व्यहोर्ने गरी जग्गा प्राप्ती ऐन, २०३४ अनुसार उक्त जग्गा प्राप्ती प्रकृया अगाडि बढाउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, काठमाडौं तथा अन्य सम्बिन्धित निकायलाई अनुरोध गर्ने निर्णय गरियो ।

त कार्यालय भवन निर्माण प्रकृया कार्य प्रारम्भ हुन लागेको र हाल भइरहेको कार्यालयमा अवरोध सिर्जना हुने भएकोले उपयुक्त स्थानमा भवन भाडामा लिई सर्ने निर्णय गरियो ।

Scanned with CamScanner

| सि.नं. | शीर्षक | गत आ.व. टोखा न.पा. को मापदण्ड | अर्थ मन्त्रालयको मापदण्ड | आ व २०७६।०७७ को लागि स्वीकृत खर्चको मापदण्ड (आगामी नगरसभाबाट अनुमोदन हुने गरी) | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रशिक्षक बाहिरी | २००० | १०००<br>६०० (प्रतिवेदन) | २५०० | |
| २ | यातायात खर्च (बाहिरी प्रशिक्षकलाई) | १००० (प्रतिदिन) | छैन | १००० | आतेजाते |
| ३ | प्रशिक्षक (कार्यालय भित्रबाट) | १५०० | ८००<br>७०० (तालिम प्रतिवेदन) | २०००<br>(तालिम कार्यपत्र सहित) | |
| ४ | खाजा खर्च | १५० | २०० | २५० | पार्टी प्यालेस/ होटेलमा संचालन गर्ने कार्यक्रमको हकमा विल बमोजिम |
| ५ | चिया/पानी | | | ५० (प्रतिव्यक्ति प्रतिदिन) | |
| ६ | सहभागीका लागि स्टेसनरी | ७५ | १०० | १५० प्रतिब्यक्ति | |
| ७ | उद्घाटन | १५०० | २५०० | २००० | |
| ८ | तालिम स्टेसनरी | १००० | | ३००० | |
| ९ | तालिम संयोजक | १००० | ४०० | १००० (प्रतिदिन) | बढीमा १० दिन सम्मको लागी मात्र |
| १० | कार्यालय सहयोगी | ५०० | १५० | ५००(प्रतिदिन) | |
| ११ | हल भाडा र सामान उपकरण | | बजार भाउ अनुसार | बजार भाउ अनुसार | |
| १२ | प्रतिवेदन लेखन | १०००<br>(प्रतिकार्यक्रम) | १०००(प्रतिकार्यक्रम)<br>बढिमा ३००० सम्म | २०००(प्रति तालिम,कार्यक्रम) | |
| १३ | यातायात खर्च (आन्तरिक) सार्वजनिक विदा परेमा | १००० | प्रष्ट नभएको | १००० | |
| १४ | खाना खर्च | २५० | प्रष्ट नभएको | प्रचलित बजार भाउ अनुसार | |
| १५ | कार्यक्रम समापन | | प्रष्ट नभएको | २००० | |
| १६ | सहभागी लाई यातायात खर्च | ५०० | प्रष्ट नभएको | ५०० | |
| १७ | फोटोकपि प्रमाण पत्र/ अन्य | ३००० | प्रष्ट नभएको | ३००० | |
| १८ | प्रशिक्षक सहायक | | प्रष्ट नभएको | १५०० (प्रतिकक्षा) | |
| १९ | संस्था अनुगमन निरीक्षण प्रतिसंख्या | १००० | प्रष्ट नभएको | १५००(प्रतिदिन प्रतिब्यक्ति) | |
| २० | संस्था निरीक्षणको प्रतिवेदन लेखन, टाइपिङ/प्रिन्टिङ साथै सुझाव सहित निर्देशन | ५०० | प्रष्ट नभएको | १००० | |
| २१ | तालिम टिप्पणी कर्ता | | | २००० (प्रति तालिम) | |
| २२ | सहभागी भत्ता | ७०० | प्रष्ट नभएको | ७०० | |
| २३ | सामान औषाधि ढुवानी का.स/ सवारी चालक | २५० | | ५०० | (सवारी चालकको हकमा तालिम अवधिमा मात्र, प्रतिब्यक्ति बढीमा ३ दिन सम्म) |
| २४ | भ्याक्सिन ढुवानी | २५० | | ३०० (प्रतिपटक) | |
| २५ | बैठक भत्ता | | | आ.व. २०७५।७६ को नगर सभा वाट स्विकृत भए बमोजिम | |
| २६ | योजना/ तालिम तथा अन्य कार्यक्रम अनुगमन/ निरीक्षण (जिन्सी निरीक्षण समेत) भत्ता | | | १५०० प्रतिब्यक्ति | |
| २७ | कार्यक्रम सहजकर्ता | | | १५०० ~~[illegible]~~ प्रति दिन | |
| २८ | व्यवस्थापन सहयोगी | | | ७०० (प्रतिदिन) | |
| २९ | विविध | ५ प्रतिशत | प्रष्ट नभएको | बढिमा ५ प्रतिशत सम्म | स्वीकृत बजेटको |

नगर प्रमुख/उप प्रमुखको संयोजकत्वमा काठमाडौं उपत्यका वाहिर हुने अध्ययन अवलोकनको लागी भ्रमण दलमा खटिएका सदस्यहरुको विविध खर्चको हकमा सम्वन्धित होटलको विल बमोजिम भुक्तानी हुनेछ ।

Scanned with CamScanner